**बान्नीगढी जयगढ गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्डः ८ संख्याः ८ मितिः २०८३/०५/३१**


## भाग-२

### बान्नीगढी जयगढ गाउँपालिकाको शिक्षण सिकाइ सहयोग अनुदान कोटा वितरण तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०


**कार्यपालिकाबाट स्वीकृति मितिः- २०८३/०५/३१**

**राजपत्रमा प्रकाशित मितिः- २०८३/०६/१४**


<u>प्रस्तावना</u> : *बान्नीगढी जयगढ गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा शिक्षण सिकाइ सहयोग अनुदानको न्यायोचित वितरण तथा व्यवस्थापन गर्न, गुणस्तरीय शिक्षा सुनिश्चित गर्न तथा शून्य दरबन्दी वा न्यून दरबन्दी वा विषयगत दरबन्दी नभएका आधारभूत (नि.मा.वि.) तथा माध्यमिक विद्यालयहरूमा पठनपाठन सुचारु राख्न, शिक्षण सिकाइ अनुदान कोटा सिर्जना, पदपूर्ति तथा परिचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकाले,बान्नीगढी जयगढ गाउँपालिकाको शिक्षा ऐन, २०७८ को दफा ४९ ले दिएको अधिकार प्रयोग गरी बान्नीगढी जयगढ गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

* पहिलो संशोधनद्वारा संशोधन गरिएको ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "शिक्षण सिकाइ सहयोग अनुदान कोटा वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

♣(२) यो कार्यविधि गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कार्यविधि" भन्नाले शिक्षण सिकाइ सहयोग अनुदान कोटा वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० सम्झनुपर्छ ।

(ख) ♣"माध्यमिक विद्यालय" भन्नाले कक्षा ९ र १० वा कक्षा ९ देखि १२ सम्म सञ्चालन भएका विद्यालयहरु सम्झनुपर्छ ।

(ग) ♣"आधारभूत विद्यालय" भन्नाले कक्षा ६ देखि ८ सम्म सञ्चालन भएका विद्यालयहरु सम्झनुपर्छ ।

(घ) ᴪ............. ।

(ङ) ♣"व्यवस्थापन समिति" भन्नाले प्रचलित कानुन बमोजिम गठित विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(च) "शिक्षक अभिभावक संघ" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि गठित शिक्षक अभिभावक संघ सम्झनुपर्छ।

(छ) ♣"शिक्षक छनोट समिति" भन्नाले यस कार्यविधिको दफा ८ को उपदफा (४) बमोजिम गठित समिति सम्झनुपर्छ।

(ज) "प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक तथा प्रशासनिक प्रमुखलाई सम्झनुपर्छ।

(झ) ♣ "शिक्षक" भन्नाले यस कार्यविधि बमोजिम अध्यापनका लागि नियुक्त भएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ।

(ञ) "गाउँपालिका" भन्नाले बान्नीगढी जयगढ गाउँपालिका सम्झनुपर्छ।

(ट) ᴪ................।

(ठ) ♣"अभिभावक" भन्नाले विद्यालयमा नियमित अध्ययनरत विद्यार्थीको संरक्षण वा पालनपोषण गर्ने व्यक्ति सम्झनुपर्छ।

---

ᴪ पहिलो संशोधनद्वारा हटाइएको ।

♣ पहिलो संशोधनद्वारा संशोधन गरिएको।

ᴪ पहिलो संशोधनद्वारा हटाइएको ।

(ङ) "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्छ।

(ढ) "शिक्षा शाखा प्रमुख" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख सम्झनुपर्छ।

(ण) ♣"विषयविज्ञ" भन्नाले शिक्षक छनोट परीक्षा सञ्चालनका लागि मनोनित वा तोकिएका विषयविज्ञ सम्झनुपर्छ।

(त) "सम्बन्धित निकाय" भन्नाले शिक्षा सम्बन्धी कार्य गर्ने स्थानीय, प्रदेश तथा सङ्घीय सरकारी निकायहरू सम्झनुपर्छ।

(थ) ⁽¹⁾"अनुदान" भन्नाले गाउँपालिकाबाट उपलब्ध गराइने शिक्षण सिकाई अनुदानलाई सम्झनुपर्छ ।

(द) ⁽¹⁾"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

३. <u>उद्देश्य</u> : ♣यस कार्यविधिको मुख्य उद्देश्य गाउँपालिका भित्रका शून्य दरबन्दी, न्यून दरबन्दी तथा विषयगत दरबन्दी अभाव भएका आधारभूत तथा माध्यमिक विद्यालयहरूमा शिक्षण सिकाइ अनुदान मार्फत विषयगत शिक्षक उपलब्ध गराई पठन पाठनलाई प्रभावकारी बनाउनु हुनेछ ।

## परिच्छेद - २
## ♣विद्यालय छनौटका पूर्वशर्त, अनुदान वितरण तथा निकासा प्रकिया

४. <u>विद्यालय छनौटका पूर्वशर्त</u> : शिक्षण सिकाइ अनुदान वितरणका लागि विद्यालय छनौटका पूर्वशर्तहरु देहाय बमोजिम हुनेछन;

(क) एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) नियमित रूपमा अद्यावधिक गरेको,

(ख) नियमानुसार विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन भएको,

(ग) नियमित रूपमा सामाजिक परीक्षण (Social Audit) गराएको,

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण (Financial Audit) सम्पन्न गरेको ।

५. <u>शिक्षण सिकाइ अनुदान वितरण</u> : (१) माध्यमिक तह सम्म संचालित विद्यालयहरुमा शून्य दरबन्दी वा राहत वा संघिय शिक्षण सिकाइ अनुदान कोटा भएका विद्यालयलाई बढीमा तीनओटा

---

⁽¹⁾ पहिलो संशोधनद्वारा थप गरिएको ।

♣ पहिलो संशोधनद्वारा संशोधन गरिएको।

सम्म, एक मात्र दरबन्दी तथा अनुदान भएका विद्यालयलाई बढीमा दुईवटा सम्म, दुईवटा दरबन्दी तथा अनुदान भएका विद्यालयलाई एकओटा शिक्षण अनुदान बराबरको रकम उपलब्ध गराउन सकिनेछ ।

(२) आधारभूत तह सम्म संचालित विद्यालयहरुमा शुन्य दरबन्दी वा राहत वा संघिय शिक्षण सिकाइ अनुदान कोटा भएका विद्यालयलाई बढीमा तीनओटा सम्म, एक मात्र दरबन्दी तथा अनुदान भएका विद्यालयलाई बढीमा दुईवटासम्म तथा दुईवटा दरबन्दी तथा अनुदान भएका विद्यालयलाई एकओटा शिक्षण अनुदान बराबरको रकम उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि कुनै विद्यालयमा विद्यार्थी संख्या शिक्षा नियमावली (संशोधन सहित) ले तोकेको भन्दा बढी विद्यार्थी भई सेक्सन खुलाएको भएमा विद्यालयको आवश्यकता अनुसार पदपूर्ती गर्न बढीमा सम्बन्धित तहका लागि दुईओटा शिक्षण सिकाइ सहयोग अनुदान कोटा बराबर वितरण गर्न सकिनेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम वितरण गरिने शिक्षण सिकाइ सहयोग अनुदान कोटा गाउँ शिक्षा समितिको सिफारिसका आधारमा गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(५) उपदफा (१), (२) (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनी दफा ४ बमोजिमको पूर्वशर्त पुरा नभएको विद्यालयलाई अनुदान रकम उपलब्ध गराईने छैन ।

६. <u>शिक्षण सिकाइ अनुदान तथा निकासा प्रक्रिया</u> : (१) स्वीकृत बजेटको परिधि भित्र रहि विद्यालयलाई अनुदान उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित विद्यालयको कुनै तहको दरबन्दी वितरण गर्दा त्यस्तो विद्यालयमा पुल दरबन्दी कायम रहेको अवस्थामा शिक्षण सिकाइ अनुदान उपलब्ध गराइने छैन ।

तर प्रचलित शिक्षा सम्बन्धी कानुन बमोजिम विद्यालयमा हुनुपर्ने आवश्यक दरबन्दी भन्दा कम संख्यामा पुल दरबन्दी कायम रहेको भएमा बाँकी अपुग संख्या बराबरको शिक्षण सिकाइ अनुदान उपलब्ध गराउन यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(३) शिक्षण सिकाइ सहयोग अनुदान कोटामा नियुक्त भएका शिक्षकहरुको तलबभत्ता गाउँ कार्यपालिकाले तोके बमोजिम विद्यालयको माग फाराम, हाजिरी र विद्यालयसँगको सम्झौता पत्रका आधारमा मासिक रुपमा सम्बन्धित विद्यालयको खातामा निकासा गर्नुपर्नेछ ।

## परिच्छेद -३

## *योग्यता, पदपूर्ति तथा नियुक्ति

७. योग्यता : (१) शिक्षण सिकाइ अनुदान कोटाको परीक्षामा सहभागी हुने उम्मेदवारहरुको न्यूनतम योग्यता शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधन सहित) मा तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि माध्यमिक तहको अङ्ग्रेजी, गणित, विज्ञान, अर्थशास्त्र र लेखाशास्त्र विषयमा अध्यापन अनुमति पत्र र तालिम प्राप्त उम्मेदवारको लागि दुई पटक सम्म विज्ञापन गर्दा पनि दरखास्त नपरेमा, तेस्रो पटकको विज्ञापनमा सम्बन्धित विषयमा न्यूनतम शैक्षिक योग्यता पुगेका अध्यापन अनुमति पत्र नभएका व्यक्तिहरू समेत उम्मेदवार हुन पाउनेछन ।

८. पदपूर्ति : (१) शिक्षण सिकाइ सहयोग अनुदान कोटामा शिक्षक पदपूर्ति गर्दा विद्यालयमा विषयगत शिक्षकको दोहोरोपना नपर्ने गरी विद्यालयको आवश्यकताका आधारमा गर्नुपर्नेछ ।
तर विद्यार्थी सङ्ख्या बढी भई कक्षाको वर्ग (Section) थप गरिएका विद्यालयको हकमा एकै विषयका एकभन्दा बढी शिक्षक पदपूर्ति गर्न बाधा पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम पदपूर्ति गर्नका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार कम्तीमा १५ (पन्ध्र) दिनको समयावधि राखि पहिलो पटक सूचना प्रकाशन गर्नुपर्नेछ यदि पहिलो पटक सूचना प्रकाशन गर्दा दरखास्त नपरेमा दोस्रो पटक वा सोभन्दा पछि प्रकाशन गरिने सूचनाको समयावधि कम्तीमा ७ (सात) दिनको हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना विद्यालय तथा गाउँपालिकाको सूचना पाटी र आधिकारिक सामाजिक सञ्जालमा अनिवार्य रूपमा सार्वजनिक गर्नुपर्नेछ।

(४) अनुदान कोटामा शिक्षक नियुक्ति सम्बन्धी सिफारिस गर्नका लागि प्रत्येक सामुदायिक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछः

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक
(ख) विद्यालय व्यवस्थापन समितिले तोकेका विषयविज्ञ दुई जना - सदस्य
(ग) शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख वा प्रतिनिधि - सदस्य

* पहिलो संशोधनद्वारा संशोधन गरिएको

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

९. <u>नियुक्ति तथा करार सम्झौता</u> : शिक्षक छनौट समितिको सिफारिसमा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार प्रधानाध्यापकले नियुक्ति पत्र दिई एक पटकमा बढीमा छ महिना सम्मका लागि करार सम्झौता गर्न सक्नेछ र शिक्षकको कार्यसम्पादन मूल्याङ्कन चित्तबुझ्दो भएमा वा विद्यार्थीको सिकाइ उपलब्धिको आधारमा विद्यालय व्यवस्थापन समितिले पुनः म्याद थप गर्ने निर्णय गरेमा प्रत्येक छ/छ महिनाका लागि करार सम्झौता गर्न सकिनेछ ।

## <u>परिच्छेद - ४</u>
## <u>तलब, सुविधा तथा बिदा</u>

१०. ♣ <u>तलबभत्ता</u> : यस कार्यविधि अनुसार शिक्षण सिकाइ सहयोग अनुदान कोटामा छनौट भएका शिक्षकहरुले देहाय अनुसारको सुविधा पाउनेछनः

(क) आधारभूत तह र माध्यमिक तह को शिक्षण अनुदानमा छनौट भएको शिक्षकले गाउँपालिकाले तोके बमोजिमको तलबमान भन्दा बढी नहुने गरी करार सम्झौता बमोजिम बाह्र महिनाको पारिश्रमिक सुविधा,

(ख) दशैं बिदासम्म ६(छ) महिना सेवा अवधि पूरा गरेका शिक्षकले १(एक) महिनाको अनुदान रकम बराबरको चाडपर्व खर्च र नियमानुसारको पोशाक भत्ता पाउनेछन् ।

११. ♣ <u>बिदा सम्बन्धित व्यवस्था</u> : (१) शिक्षकले वर्षभरिमा नेपाल सरकारले राजपत्रमा प्रकाशित गरेको सार्वजनिक विदा बाहेक शिक्षा नियमावलीमा तोकिए अनुसारको पर्व बिदा छ दिन र भैपरी बिदा छ दिन गरि बाह्र दिन मात्र पाउनेछ ।

(२) बिदा अधिकार नभएर सहुलियत मात्र हुनेछ । तर अति आवश्यक तथा मनासिब कारण सहित बिदाको लागी माग भई आएमा बिदा स्वीकृत गर्ने अधिकारीले थप बिदा दिन सक्नेछ ।

---

♣ पहिलो संशोधनद्वारा संशोधन गरिएको

<u>परिच्छेद - ५</u>

<u>शिक्षकको आचारसंहिता</u>

१२. ♣ <u>आचारसंहिता</u> : शिक्षकले देहायका आचारसंहिताको पूर्णरुपमा पालना गर्नुपर्नेछः

(क) निर्धारित पोसाकमा नियमित र समयमा उपस्थित भई पठनपाठन गराउने,

(ख) विद्यार्थीहरूसँग मित्रवत् र सकारात्मक व्यवहार गर्ने,

(ग) विद्यालय हाता भित्र धूम्रपान, सुर्तीजन्य वा मादक पदार्थ सेवन नगर्ने,

(घ) कार्यालय घेराउ, तालाबन्दी, शारीरिक वा मानसिक दबाव दिने जस्ता हित विपरीतका कार्य नगर्ने/नगराउने,

(ङ) आर्थिक अनुशासन कायम राख्ने र पूर्व स्वीकृति बिना बिदामा नबस्ने,

(च) कार्यविधिमा उल्लेख नभएका विषयमा शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ बमोजिमका आचारसंहिता लागू हुनेछ ।

---

♣ पहिलो संशोधनद्वारा संशोधन गरिएको

## परिच्छेद -६

## ♣ सजाय, असुली तथा अवकाश

१३. सजाय र कारबाही : उचित र पर्याप्त कारण भएमा यस कार्यविधि बमोजिम नियुक्त भएका शिक्षकलाई देहाय बमोजिमका सजाय गर्न सकिनेछः

(क) चेतावनी वा नसिहत दिने,

(ख) तलब रोक्का गर्ने,

(ग) क्षतिपूर्ति भराई जरिवाना गर्ने,

(घ) करार सेवा रद्द गर्ने।

१४. सजायका आधारहरू : दफा १३ मा तोकिएको सजायका आधारहरु देहाय बमोजिमका हुनेछन;

(क) समय पालना नगरेमा, चेतावनी वा नसिहत दिने ।

(ख) अनुशासनहीन काम गरेमा, मादक पदार्थ सेवन गरी विद्यालय आएमा, वा पटक-पटक आदेश उल्लङ्घन गरेमा, तलब रोक्का गर्ने ।

(ग) लापरवाही गरी विद्यालयलाई हानि नोक्सानी पुऱ्याएमा, सो नोक्सानी निजको तलब वा जायजेथाबाट असुल उपर गर्ने ।

(घ) बिदा स्वीकृत नगराई लगातार १५ दिनभन्दा बढी अनुपस्थित रहेमा वा नैतिक पतन देखिने कसुर प्रमाणित भएमा, करार सेवा रद्द गर्ने।

१५. सफाइको मौका : कुनै पनि सजायको आदेश दिनुअघि सम्बन्धित शिक्षकलाई आफ्नो सफाइ पेश गर्ने उचित अवसरबाट वञ्चित गरिने छैन ।

१६. सजाय गर्ने अधिकारी : दफा १४ बमोजिम सजाय दिने अधिकारी देहाय बमोजिम हुनेछन;

(क) चेतावनी दिने, नसिहत दिने वा गयल कट्टा गर्ने : सम्बन्धित विद्यालयको प्रधानाध्यापक ।

(ख) तलब रोक्का गर्ने : प्रधानाध्यापकको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृत ।

(ग) क्षतिपूर्ति भराई जरिवाना गर्ने : प्रधानाध्यापकको सिफारिसमा विद्यालय व्यवस्थापन समिति ।

(घ) करार सेवा रद्द गर्ने : प्रधानाध्यापकको सिफारिसमा विद्यालय व्यवस्थापन समिति ।

---

♣ पहिलो संशोधनद्वारा संशोधन गरिएको

## परिच्छेद -७

## ♣ विविध

१७. <u>थप सुविधा उपलब्ध गराउन सक्ने</u> : यस कार्यविधि अनुसार भर्ना भएका शिक्षकलाई विद्यालयले आफ्नो आन्तरिक स्रोतबाट थप सुविधा उपलब्ध गराउन सक्नेछ ।

१८. <u>आन्तरिक कार्यविधि बनाउन सक्ने</u> : विद्यालयले यस कार्यविधि अन्तरगत नियुक्त भएका शिक्षक व्यवस्थापनलाई व्यवस्थित गर्न यस कार्यविधिको प्रतिकुल नहुने गरी आन्तरिक कार्यविधि तयार गर्न सक्नेछ ।

१९. <u>कार्यविधिको व्याख्या गर्न सक्ने</u> : कार्यविधिमा उल्लेख भएका विषयवस्तुमा अस्पष्टता सिर्जना भएमा प्रचलित कानुनको प्रतिकुल नहुने गरी आवश्यक व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

२०. <u>प्रचलित कानुन अनुसार हुने</u> : यस कार्यविधिमा उल्लेख भएका व्यवस्था यसै कार्यविधि अनुसार हुनेछन र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

२१. <u>बाझिएमा अमान्य हुने</u> : यो कार्यविधि प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

२२. <u>संशोधन र खारेजी</u> : (१) यो कार्यविधि बान्नीगढी जयगढ गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

(२) यो कार्यविधि लागु भए पश्चात यस गाउँपालिकाको “शिक्षक तथा कर्मचारी अनुदान रकम निकासा कार्यान्वयन कार्यविधि, २०७६” खारेज हुनेछ र सो अन्तर्गत भए गरेका काम कारबाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले<br>
सुरेश प्रसाद जैसी<br>
प्रमुख प्रशासकीय अधिकृत

---

♣ पहिलो संशोधनद्वारा संशोधन गरिएको ।